नेपाल सरकार
# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

फोन नं : ०१-४२११८४४
फ्याक्स : ०१-४२११५१०
सिंहदरबार, काठमाडौं।

प.सं. :
च.नं. :

नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय २०७४

## प्रेस विज्ञप्ति

मितिः २०८२/०८/११

आज मिति २०८२ मंसिर ११ गते नेपाल बंगलादेश ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समिति (Joint Steering Committee, JSC) को ७ औं बैठक नेपाल सरकारका ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव श्री चिरञ्जीवी चटौत तथा जनगणतान्त्रिक बंगलादेश सरकारको विद्युत, उर्जा तथा खनिज मन्त्रालयका सचिव श्री फर्जाना ममताजको सहअध्यक्षतामा बंगलादेशको ढाकामा सम्पन्न भयो। उक्त बैठकले मंसिर १० गते सम्पन्न संयुक्त कार्यदल (Joint Working Group, JWG) को बैठकले गरेका सिफारिसहरुमा छलफल गर्यो। संयुक्त कार्यदलको बैठक नेपाल सरकारका ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सहसचिव श्री सन्दीप कुमार देव तथा जनगणतान्त्रिक बंगलादेश सरकारको विद्युत, उर्जा तथा खनिज मन्त्रालयका अन्तिरिक्त सचिव श्री के. एम. अलि रेजाले सहअध्यक्षता गरेका थिए। उक्त बैठकमा नेपाल-बंगलादेशबीच विद्युत व्यापार, जलविद्युत आयोजनाको निर्माण र विकास गर्ने, अन्तरदेशीय विद्युत प्रसारण लाइनहरुको निर्माण तथा व्यवस्थापन गर्ने लगायतका विषयहरुमा छलफल भई देहाय बमोजिम सहमति भएको छः

विद्युत् व्यापारमा महत्वपूर्ण प्रगति

१. नेपालबाट बंगलादेशले आयात गर्दै आएको ४० मेगावाट जलविद्युतका अतिरिक्त २० मेगावाट थप विद्युत आवश्यक प्रक्रिया पुरा गरी आयात गर्ने।

२. सुनकोशी - ३ जलविद्युत आयोजनाको लगानी प्रक्रियामा अगाडि बढाउन बंगलादेशले आयोजना मूल्यांकनका लागि विशेषज्ञ समिति गठन गरी लगानी प्रक्रियालाई अघि बढाउने तथा JVA छिटो टुंग्याउने।

३. नेपालबाट भारतीय ग्रिड हुँदै बंगलादेशको बरापुकारया, पंचगढ़/ठाकुरगाउँ, भेरामारा र कोमिल्ला सम्मका प्रशारण लाइनहरु मार्फत विद्युत निर्यात गर्न अध्ययन गर्ने।

४. नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता प्रवर्द्धन गर्ने सम्बन्धी समझदारी पत्रमा आ-आफ्नो आन्तरिक प्रक्रिया पुरा गरी हस्ताक्षर गर्ने। उक्त सम्झौता अन्तर्गत बंगलादेशले नेपाललाई ऊर्जा परिक्षण, EV चार्जिङ, रूफटप सोलार जस्ता क्षेत्रमा प्राविधिक सहायता प्रदान गर्ने।

५. नेपाल र बंगलादेशबीच क्षमता अभिवृद्धि कार्यक्रम शुरु गर्ने। बंगलादेशी पक्षका लागि पहिलो चरणको क्षमता अभिवृद्धि कार्यक्रम काठमाडौंमा तथा तत् पश्चात नेपाली पक्षका लागि बंगलादेशमा क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्ने।

६. नेपाल, भारत र बंगलादेशबीच ऊर्जा क्षेत्रमा सहकार्य गर्ने सम्बन्धी समझदारीपत्र (MoU) मा भारतको सहमति लिन दुवै देशले संयुक्तरूपमा प्रयास गर्ने ।

बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो। नेपाल-बंगलादेश दुवै देशका प्रतिनिधिहरूले विद्युत आदान-प्रदान, प्रसारण पूर्वाधार विकास, दीर्घकालीन ऊर्जा सहकार्यलाई अझ गहिरो बनाउन प्रतिबद्धता जनाएका छन।

सन्दीप कुमार देव
सहसचिव एवम् प्रवक्ता